हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : २१, अङ्क : ०९, २०७९ मंसिर ११ गते आइतवार (27 Nove. 2022), मूल्य रु. २०।-



प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन सम्पन्न भएको छ । मतपरिणाम अनुसार प्रतिनिधिसभा सदस्यमा धनबहादुर बुढा, प्रदेशसभा क मा शेरबहादुर बुढा र प्रदेश ख मा बीरबहादुर शाही निर्वाचित ।

प्रतिनिधिसभा सदस्य तर्फ कुन दलले कति जिते

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर - यही मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको मतगणना जारी छ ।

हालसम्मको मतपरिणाम अनुसार प्रतिनिधिसभा तर्फको प्रत्यक्षमा नेपाली कांग्रेसले ५० सीटमा, एमाले ३८ सीटमा बिजयी हासिल गरेर दोस्रो स्थानमा छ ।

माओवादी केन्द्रले १६, नेकपा एकीकृत समाजवादीले १० सीट हासिल गरी चौथो स्थानमा छ । यसैगरी, राप्रपा ७, रास्वपा ६ सीट हासिल गरी पाँचौं र छैठौं स्थानमा रहेका छन् ।

प्रतिनिधि सभामा कुन दलले कहाँ-कहाँ कति सीट जिते ? हेर्नुहोस् शनिवार बेलुकीसम्मको अद्यावधिक सूची-

नेपाली कांग्रेस

१. मुस्ताङ : योगेश गौचन
२. मनाङ : टेकबहादुर गुरुङ
३. काठमाडौं १ : प्रकाशमान सिंह
४. काठमाडौं ३ : सन्तोष चालिसे
५. काठमाडौं ४ : गगनकुमार थापा
६. काठमाडौं ५ : प्रदीप पौडेल
७. रसुवा : मोहन आचार्य
८. ललितपुर १ : उदयसमशेर जबरा
९. तनहुँ २ : शंकर भण्डारी
१०. डडेलधुरा : शेरबहादुर देउवा
११. काठमाडौं १०: राजेन्द्रकुमार केसी
१२. पर्सा ४ : रमेशकुमार रिजाल
१३. सुर्खेत २ : हृदयराम थानी

.... .पेज नं. ८ मा

मुख्य निर्वाचन अधिकृतद्धारा धन्यवाद

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर - यही मंसिर महिनाको ४ गतेको निर्वाचनको क्रममा डोल्पामा रहेका सबै मतदान केन्द्रमा मतदानका लागि स्वच्छ, स्वतन्त्र, निश्पक्ष, विस्वासनिय, भयरहित र शान्तिपूर्ण वातावरण निर्माण गराई मतदाताहरुको उत्साहवर्धक ढंगबाट मतदान तथा निर्वाचन सुसम्पन्न गर्न गराउन भूमिका खेल्ने सम्पूर्ण पक्षलाई मुख्य निर्वाचन अधिकृत बाबुराम सुवेदीले धन्यवाद ज्ञापन गर्नु भएको छ ।

यो ऐतिहासिक निर्वाचनका क्रममा मतदानदेखि मतगणनासम्मका विविध निर्वाचनका कार्यमा खटिने अधिकृतदेखि सबै मतदान कर्मचारीहरु, मतदान स्थलमा खटिने सुरक्षाकर्मी, पर्यवेक्षक, पत्रकार, नागरिक समाज, मतदान स्थल उपलब्ध गराउने शैक्षिक संस्थाहरु, स्थानीय तह, राजनीतिक दल तथा उम्मेद्वारहरु, सम्पूर्ण मतदाता, नीजि क्षेत्र, स्थानीय प्रशासन, सबै

.... .पेज नं. ८ मा

भारतीय राजदुत श्रीवास्तवको चलखेल

सन्देश बुढा

काठमाडौं, मंसिर - नेपालमा यही मंसिर ४ गते एकै चरणमा भएको निर्वाचनको मतपरिणाम आउँदै गरेको बेला भारतीय राजदुत श्रीवास्तवको चलखेल बढेको छ ।

भारतीय राजदुत श्रीवास्तवले सुरुमा प्रधानमन्त्री समेत रहेका नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासँग भेट गर्नु भएको छ । भने शनिवार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता भएको छ ।

राजदूत श्रीवास्तवले आज शनिवार प्रचण्ड निवास खुमलटारमै पुगेर प्रचण्डसँग भेटवार्ता गर्नु भएको हो । प्रचण्ड र श्रीवास्तवबीच समसमायिक विषयमा छलफल भएको बताइएको छ । तर, निर्वाचनको परिणाम आइरहेको अवस्थामा राजदूत श्रीवास्तवको

.... .पेज नं. ८ मा

निर्वाचितहरुलाई प्रमाणपत्र वितरण

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर - डोल्पामा प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनको मतगणना सम्पन्न भए पछि निर्वाचितहरुलाई प्रमाणपत्र वितरण गरिएको छ ।

यही मंसिर ४ गते भएको निर्वाचनको मतगणनाको मतपरिणाम अनुसार प्रतिनिधिसभा सदस्यमा नेकपा (एकिकृत समाजवादी)का धनबहादुर बुढा, प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र १ मा नेकपा(एमाले)का शेरबहादुर बुढा र प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र २ मा नेकपा(माओवादी केन्द्र)का बीरबहादुर शाही प्रतिस्पर्धी सबैभन्दा बढि मत प्राप्त गरेकाले बिजयी हुनु भएको थियो ।

निर्वाचित हुनु भएका प्रतिनिधिसभा सदस्य, डोल्पाबाट प्रदेशसभा

.... .पेज नं. ८ मा

समानुपातिक तर्फको मतगणना जारी

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर - देशैभर एकै चरणमा मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको मतगणना जारी छ । डोल्पामा सम्पन्न भैसकेको छ । डोल्पामा समानुपातिक तर्फको मतपरिणाम सार्वजनिक भैसकेको छ । जस अनुसार एमाले - ६२९४, नेपाली काँग्रेस - ३५९१, माओवादी केन्द्र - ४७२१, एकिकृत समाजवादी - १८२४, राष्ट्रिय स्वतन्त्र पार्टी - ५५७, राप्रपा - ४६५, नेकपा मार्क्सवादी पुष्पलाल - ५१ यसै गरी अन्य २५ वटा पार्टीहरुले पनि १ देखि १० सम्म मत प्राप्त गरेका छन् ।

त्यसै गरी प्रदेशसभा समानुपातिक तर्फ एमाले-६३५५, नेपाली काँग्रेस-२२२२, माओवादी केन्द्र-५३६९, नेकपा(एस)-२१९३, राप्रपा-७४४, लगायत अन्य दलहरुले थोरै थोरै मत प्राप्त गरेका छन् ।

देशै भर शनिवार बेलुकीसम्मको समानुपातिक मतपरिणाम पनि यस प्रकार रहेको छ। एमाले : २१,००,६२८, नेपाली काँग्रेस : २०,२३,५९८, माओ

.... .पेज नं. ८ मा

डोल्पा मतगणना सम्पन्न,३ कम्युनिष्ट पार्टी १/१मा बिजयी

सुस्केरा समाचारदाता

डोल्प, मंसिर - डोल्पामा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यका सबै निर्वाचन क्षेत्रको नतिजा सार्वजनिक भएको छ । यहि मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्या निर्वाचनको पछि मतगणना कार्य पनि सम्पन्न भएपछि सबै क्षेत्रको नतिजा सार्वजनिक भएको हो ।

डोल्पाबाट प्रतिनिधि सभा सदस्यमा नेकपा एकीकृत समाजवादी पार्टीका उम्मेदवार धन बहादुर बुढा ११२२५ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ । निकट्तम प्रतिद्वन्द्वी नेकपा एमालेका उम्मेदवार गणेशबहादुर शाही ५५०५ मत ल्याएर पराजित हुनुभएको छ । अर्का राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार अंगद कुमार बुढाले ६६१ मत प्राप्त गर्नु भएको छ । नेकपा मास्कवादी पुष्पलालका उम्मेदवार हर्क बहादुर ठकुल्लाले ५३ मत प्राप्त गर्नु भएको छ भने स्वतन्त्र उम्मेद्वार विर बहादुर रोकायाले १० मत प्राप्त गर्नु भएको छ ।

यस्तै प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र क मा नेकपा (एमाले) शेर बहादुर बुढाले ४७४३ मत ल्याएर निर्वाचित हुनु भएको छ । उँहाको निकट्तम प्रतिद्वन्द्वी नेपाली काँग्रेस डोल्पाका सभापती समेत रहनु भएको गठबन्धनका उम्मेदवार दिपेन्द्र शाहीले २४६५ मत ल्याएर पराजित हुनु भएको छ । यस्तै राप्रपाका नारान बुढाले १०६ र मास्कवादी पुष्पलालका नन्द बहादुर

.... .पेज नं. ८ मा

प्रतिनिधिसभा सदस्य .. ..

१४. ओखलढुंगा : रामहरि खतिवडा
१५. झापा १ : विश्वप्रकाश शर्मा
१६. पर्सा १ : अजयकुमार चौरसिया
१७. गोरखा १ : राजेन्द्र बजगाई
१८. म्याग्दी : खमबहादुर गर्बुजा
१९. अछाम २ : पुष्पबहादुर शाह
२०. कैलाली ४ : बीरबहादुर बलायर
२१. दार्चुला : दिलेन्द्रप्रसाद बडू
२२. कञ्चनपुर ३ : रमेश लेखक
२३. भक्तपुर २ : दुर्लभ थापा क्षेत्री
२४. दैलेख २ : दिक्पालकुमार शाही
२५. कञ्चनपुर २ : एनपी साउद
२६. तनहुँ १ : रामचन्द्र पौडेल
२७. बाँके ३ : किशोरसिंह राठौर
२८. नवलपुर १ : शशांक कोइराला
२९. धादिङ २ : रामनाथ अधिकारी
३०. रौतहट ४ : देवप्रसाद तिमल्सिना
३१. सिन्धुली १ : श्यामकुमार घिमिरे
३२. सप्तरी ३ : दिनेशकुमार यादव
३३. नवलपुर २ : विष्णुकुमार कार्की
३४. सुर्खेत १ : पूर्णबहादुर खड्का
३५. बर्दिया १ : सञ्जय गौतम
३६. दाङ ३ : दीपक गिरी
३७.पश्चिम नवलपरासी१:विनोद चौधरी
३८. धनुषा ३ : रामकृष्ण यादव
३९.सिन्धुपाल्चोक२:मोहन ब. बस्नेत
४०. मोरङ ६ : डा.शेखर कोइराला
४१. गुल्मी १ : चन्द्र भण्डारी
४२. स्याङ्जा १ : राजु थापा
४३. संखुवासभा : दीपक खड्का
४४. कैलाली ५ : डिल्लीराज पन्त
४५. मोरङ ३ : सुनिल शर्मा
४६. तेह्रथुम : सीता गुरुङ
४७. कपिलवस्तु २ : सुरेन्द्र आचार्य
४८. मुगु : ऐनबहादुर शाही
४९. सप्तरी ४ : तेजुलाल चौधरी
५०. नुवाकोट २ : अर्जुननरसिंह केसी

नेकपा (एमाले)

१. उदयपुर २ : अम्बर ब. रायमाझी
२. काठमाडौं ९ : कृष्णगोपाल श्रेष्ठ
३. ललितपुर २ : प्रेमबहादुर महर्जन
४. गुल्मी २ : गोकर्ण विष्ट
५. झापा २ : देवराज घिमिरे
६. झापा ५ : केपी शर्मा ओली
७. ताप्लेजुङ : योगेश भट्टराई
८. पर्सा ३ : राजकुमार गुप्ता
९. अर्घाखाँची : टोपबहादुर रायमाझी
१०. प्युठान : सूर्य थापा
११.मकवानपुर २:महेश कुमार बर्तौला
१२. कास्की २ : विद्या भट्टराई
१३. पर्वत : पदम गिरी
१४. लमजुङ : पृथ्वी सुब्बा गुरुङ
१५. रुपन्देही ५ : बासुदेव घिमिरे
१६. सोलुखुम्बु : मानवीर राई
१७. धनकुटा : राजेन्द्र राई
१८ झापा ४ : एलपी साँवा लिम्बू
१९. सिरहा १ : राम शंकर यादव
२०. बाँके १ : सूर्य ढकाल
२१. बैतडी : दामोदर भण्डारी
२२. कपिलवस्तु १ : बलराम अधिकारी
२३. कन्चनपुर १ : तारा लामा तामाङ
२४. धनुषा ३ : जुली कुमारी महतो
२५. सर्लाही ३ : हरि उप्रेती
२६. बारा १ : अच्युत मैनाली
२७. बारा ३ : ज्वाला कुमारी साह
२८. कास्की ३: दामोदर बैरागी पौडेल
२९. पाँचथर : बसन्तकुमार नेम्वाङ
३०. काभ्रे २ : गोकुल बाँस्कोटा
३१. पाल्पा १ : ठाकुर गैरे
३२. सिरहा ३ : लीलानाथ श्रेष्ठ
३३. पाल्पा २ : नारायणप्रसाद आचार्य
३४. कास्की १ : मनबहादुर गुरुङ
३५. रुपन्देही २ : विष्णु पौडेल
३६. रुपन्देही १ : छविलाल विश्वकर्मा
३७. कपिलवस्तु ३: मंगल प्रसाद गुप्ता
३८. मोरङ २ : ऋषिकेश पोखरेल

नेकपा(माओवादी केन्द्र)

१. सिन्धुली २ : लेखनाथ दाहाल
२. सिन्धुपाल्चोक १ : माधव सापकोटा
३. बाग्लुङ २ : देवेन्द्र पौडेल
४. रोल्पा : वर्षमान पुन
५. रुकुम पूर्व १ : पूर्णबहादुर घर्तीमगर
६. जाजरकोट : शक्तिबहादुर बस्नेत
७. गोरखा २ : पुष्पकमल दाहाल
८. दाङ २ : रेखा शर्मा
९.रुकुम पश्चिम: जनार्दन शर्मा
१०. खोटाङ : रामकुमार राई
११. मोरङ ४: अमनलाल मोदी
१२. भोजपुर : सुदन किराती
१३. हितबहादुर तामा : नुवाकोट १
१४ महेन्द्रबहादुर शाही : कालीकोट
१५. काभ्रे १ : सूर्यमान दोङ
१६. हुम्ला : कार्चेन लामा

नेकपा (एकीकृत समाजवादी)

१. अछाम १ : शेरबहादुर कुँवर
२. बारा ४ : कृष्णकुमार श्रेष्ठ
३. दैलेख १ : अमरबहादुर थापा
४. सल्यान : प्रकाश ज्वाला
५. डोटी : प्रेमबहादुर आले
६. बझाङ : भानुभक्त जोशी
७. रौतहट १ : माधवकुमार नेपाल
८. डोल्पा : धनबहादुर बुढा
९. धादिङ १ : राजेन्द्र पाण्डे
१०. दाङ १ : मेटमणि चौधरी

राष्ट्रिय स्वतन्त्र पार्टी

१. काठमाडौं ७ : गणेश पराजुली
२. काठमाडौं ८ : विराजभक्त श्रेष्ठ
३. काठमाडौं २ : सोबिता गौतम
४. काठमाडौं ६ : शिशिर खनाल
५. ललितपुर ३ : तोसिमा कार्की
६. चितवन २ : रवि लामिछाने
७. चितवन १ : हरि ढकाल

राष्ट्रिय प्रजातन्त्र पार्टी

१. बाँके २ : धवलसमशेर जबरा
२. जुम्ला : ज्ञानबहादुर शाही
३. मकवानपुर १ : दीपकबहादुर सिंह
४. झापा ३ : राजेन्द्र लिङदेन
५.पश्चिम नवलपरासी२:ध्रुव ब. प्रधान
६. चितवन ३ : विक्रम पाण्डे

लोकतान्त्रिक समाजवादी पार्टी

१. रुपन्देही ४ : सर्वेन्द्रनाथ शुक्ला
२. सर्लाही १ : रामप्रकाश चौधरी
३. महोत्तरी २ : शरत सिंह भण्डारी
४. महोत्तरी ३ : महन्त ठाकुर

नागरिक उन्मुक्ति पार्टी

१. कैलाली ३ : गंगाराम चौधरी
२. कैलाली १ : रञ्जिता चौधरी श्रेष्ठ
३. कैलाली २ : अरूण कुमार चौधरी

जनता समाजवादी पार्टी

१. पर्सा १ : प्रदीप यादव
२. सप्तरी १ : नवलकिशोर साह
३. सिराहा ४ : वीरेन्द्र महतो
४. सिरहा २ : राजकिशोर यादव
५. बारा २ : रामसहाय यादव

जनमत पार्टी

१. सप्तरी २ : सिके राउत

डोल्पा मतगणना ....

रोकायाले २२ मत प्राप्त गर्नुभएको थियो ।

यस्तै डोल्पा प्रदेश निर्वाचन क्षेत्र ख मा नेकपा माओवादी केन्द्रका उम्मे दवार विर बहादुर शाहीले ५२९५ मत ल्याएर प्रदेश सभा सदस्यमा निर्वाचित हुनुभएको छ । उहाँका निकट्तम प्रतिद्वन्द्वी नेकपा एमालेका धनचन्द्र बैजीले ४५९५ मत ल्याएर पराजित हुनुभयो । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका बौद्धसिँह कठायतले २८९ मत प्राप्त गर्नु भएको थियो ।

भारतीय राजदुत .. ..

यो सक्रियतालाई नेपाली राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ ।

निर्वाचितहरुलाई .....

सदस्यहरु २ जनालाई मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पामा आयो जित प्रमाणपत्र वितरण कार्यक्रममा मुख्य निर्वाचन अधिकृत बाबुराम सुवे दीले तीनै जनालाई निर्वाचित भएको प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

समानुपातिक तर्फको

वादी केन्द्र : ८,९४,८२५, राप्रपा : ८,६०,८४६, राष्ट्रिय प्रजातन्त्र पार्टी : ४,५९,६४६, जनता समाजवादी पार्टी, नेपाल : २,४९,५७३, नेपाल कम्युनिष्ट पार्टी (एस) : १,९४,९९८ मत प्राप्त गरेका छन् ।

मुख्य निर्वाचन ....

सुरक्षा निकाय, निर्वाचनका सम्पूर्ण कार्यका क्रममा खटिने सबै राष्ट्रसेवक कर्मचारीहरु र स्थानीय समुदाय प्रति जिल्ला निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालय डो ल्पाका साथै मुख्य निर्वाचन अधिकृत हार्दिक आभारका साथै धन्यवाद व्यक्त गर्दछ भनिएको छ । एक पत्र प्रकाशन तथा सार्वजनिक गर्दै मुख्य निर्वाचन अधिकृत बाबुराम सुवेदीले उक्त धन्य(वाद ज्ञापन गर्नु भएको हो ।

लैङ्गिक हिंसा र दुर्व्यवहारः छैन हामीलाई स्वीकार

आउनुहोस हामी सबै महिला माथी हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं।

घरघरबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं।

२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

जनादेश जारी

नेपाली जनता निकै सक्षम छन् । नेपालीहरु आफ्नो सुजबुझका साथ आफ्नो मत प्रकट गर्दछन् । यही जनमत लिने शीलशीलामा संविधानसभा निर्वाचन गरेर २०६४ र २०७० मा निर्वाचन गरेर संविधानसभामा आफ्ना जनप्रतिनिधि पठाएर आफ्नो सहभागितामा नेपालको संविधान २०७२ जारी गरे पश्चात नयाँ राज्य शासन प्रणाली संघीय शासन प्रणाली लागु भएको छ । यो शासन प्रणाली भित्र यही मंसिर ४ गते दोस्रो पटक प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न भैसकेको छ ।

छिटफुट घट्नाका बावजुद निर्वाचन शान्तिपूर्ण, भयरहित, स्वच्छ र निष्पक्ष भएको निर्वाचन आयोगले दावी पनि गरिसकेको छ । यस अवस्थामा निर्वाचनको मतपरिणामहरु धमाधम सार्वजनिक भैरहे को अवस्था छ । प्रतिनिधिसभाका १ सय ६५ र प्रदेशसभाका ३ सय ३० सिटका लागि निर्वाचन भएको हो । निर्वाचन भएर मतगणनाको परिणाम हेर्दा कोही कुनै दललाई पनि शासनका लागि जनताले जनादे श दिएका छैनन् ।

मतपरिणाम आउँदै गर्दा प्रतिनिधिसभा र ७ वटा प्रदेशसभामा कुनै दलको प्रष्ट बहुमत देखिएको छैन । यसले नेपाली मतदाताहरुले एउटा दललाई राज्य सत्ता तथा शासन गर भनेर जनादेश दिएको अवस्था रहेन । यसरी प्रष्ट बहुमत नपाए पछि दलहरुले अन्य दलहरुको सहयो गमा संघीय सरकार र विभिन्न ७ वटा प्रदेश सरकारहरु गठन गर्नु पर्ने अवस्था सृजना भएको छ । यस प्रकारको जनादेशले देश निकै अस्थिर अवस्थामा संचालन हुने हुन्छ ।

नागरिकता पाउने वित्तिकै उ सचेत नागरिकहरु भैसकेको अवस्था मानिन्छ । उसलाई मतदानको अधिकारका लागि मतदाता परिचयपत्र प्रदान गरिहएको हुन्छ । नेपालमा संघीय शासन प्रणाली सुरु भए पछि यस अघि २०७४ सालमा पहिलो पटक प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन भएको थियो । त्यो निर्वाचनले दिएको जनादेश अनुसार ५ वर्षे कार्यकाल सहिए पछि यही मंसिर महिनाको ४ गते दोस्रो पटक प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन भएको हो । यस निर्वाचनका मतपरिणामहरु आइरहेका छन् । मतपरिणाम हेर्दा ने पालमा अवको सरकार गठनका लागि निकै कसरत गर्नु पर्ने अवस्था देखिन्छ । यस प्रकारको कसैले पनि बहुमत नपाएको अवस्थामा विदेशी दलालहरु र कमिशनखोरिहरुले अनावश्यक चलखेल गर्ने खतरा बढ्छ ।

जे भए पनि मिलेर शासन गर, मिलेर राज्यको व्यवस्थापन गर भन्ने सन्देश सहितको जनादेश जनताले दिएका छन् । यस प्रकारको जनादेशमा राजनीतिक दलहरु, राजनीतिक दलका शीर्ष नेतृत्वले निकै गम्भिर भएर सोच्नु आवश्यक छ । किनकी यही अस्थिरताको फाइदा उठाएर देश भित्र र वाहिरका दलालहरु सल्बलाउने गर्दछन् । यही समयमा राष्ट्रियता, राष्ट्रको स्वाभिमान बचाई राख्न, देशको आर्थिक, सामाजिक, शैक्षिक र विकासमा उन्नति गर्नका लागि सबै राजनीतिक दलहरु सहिष्णु भएर चल्नु आवश्यक छ । एकले अर्कोको सम्मान गरे मात्र आफ्नो इज्जत रहन्छ भन्ने बुझ्नु आवश्यक छ । चेतना भया ।

म तपाईको फ्यान हुन चाहन्छु

विष्णु अधिकारी पादुका
बिन्दुको वृत्तबाट

यदि तपाई मलाई
म्यारनाटिक इलेक्ट्रिफाइ
दिइरहन सक्नुहुन्छ भने
यात्री कोपछि लागेर मन्दिर नपुग्दै
प्याज छोएर बिटोलिएको म
तपाईमाथि पनि नपोखिएको होइन,
निरन्तर ऊर्जा पाऊँ न,
म तपाईप्रति स्वार्थी हुन चाहन्छु
म तपाईको फ्यान हुन चाहन्छु
जीवन छनौट गलत थिएन
र त
मृत्युको लागि उपलब्ध छु म,

गिभ मि समथिङ् रिफ्रेस यार
डोन्ट मेक मि मोनोटोनस,
अन्धाहरुलाई घुम्ने मेचमा कति घुमाउनु
सगरमाथा कति डुबाउनु गहिराइमा
दोस्रो तेस्रो संस्करणमा
पटक्कै विश्वास छैन,
अहिले नै केही देऊ
म गर्न सकूँ संग्रह
मस्तिष्कका चट्टानभित्र,

ईश्वर मरिसकेको र
अफिममय धर्मको अतिवाद छोडेर
चौताराको अमित कोइली
माछापुच्छ्रेको आवाज झैं
तपाईलाई राम्ररी थाहा हुनुपर्ने
विधिको विधान बडो निर्मम हुन्छ,
सत्ता हल्लाउनभन्दा गाह्रो पो छ त
मन हल्लाउन,
म प्रफुल्ल हल्लिन चाहन्छु
म तपाईको फ्यान हुन चाहन्छु ।

तपाईलाई दिन
मसँग केही छैन
इलावोरेटेड फर्म चिरेर आउनुस्
जात, लिङ्ग, धर्म र राजनीति
उतै खोपामा राख्नुस् प्रेमको मोर्डन स्याम्पल,
युनिभर्सल र न्याचुरल सेक्स लिएर
तपाई अलिकति अराजक र नजाती

विद्रोही भएको हेर्न चाहन्छु
विरोधाभासपूर्ण रेड र ब्लुका थाइना
कति निचोरिरहनु
खोल बिकाउने प्रशंसा नबटुल्नु प्लिज ।
हुनसक्छ म,
अन्तिम सुरुवात हुन सक्छु
म पक्कै कन्जुस्याई गर्छु तर
म तपाईकै फ्यान हुन चाहन्छु ।

न्यूटन

मान्छे हुनुको
विवशता/निरिहता
दुनियाँसँग सानो एउटा
अपेक्षा छ,
एउटा अर्को
न्यूटन जन्मियोस्
ता कि,
मान्छे किन यति धेरै गिर्दैछ ?
पत्ता लागोस् ।

खेलकुद

प्रिन्स र रशिलालाई उपाधि

सुस्केरा समाचारदाता

काठमाडौं, मंसिर - राष्ट्रिय च्याम्पियन पयन प्रिन्स दाहाल र रशिला महर्जन प्रथम ललितपुर मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको उपाधि जित्नुभएको छ ।

नेपाल ब्याडमिन्टन सङ्घले बरीयताको मान्यता प्रदान गरिएको प्रतियोगिताका नेपाल पुलिस क्लबबाट खेलेका प्रिन्सले सेनाका प्रफुल महर्जनलाई २१-९, २१-१४ ले र सेनाकी रशिलाले सेनाकै अनुमाया राईलाई १९-२१, २१-१५, २१-१८ ले हराउनुभयो । उपाधिसँगै दुवैले जनही ४० हजार रुपियाँ पुरस्कार पाउनुभयो । उपविजेता महर्जन र राईले २०/२० हजार रुपियाँ प्राप्त गर्नुभयो ।

प्रतियोगिताको पुरुष युगल उच्च २० वरीयता बाहेकको भिडन्तमा कास्कीका विधान अधिकारी र सेनाका पविन लिनथेपको जोडीले ललितपुर का दिपेश शाक्य र सुमन शाक्यको जोडीलाई २१-१२, २१-१८ को सोझो सेटमा हराउँदै उपाधि जित्नुभयो ।

पुरुष युगलतर्फ शीर्ष तीन स्थान प्राप्त गर्नेले क्रमशः ४० हजार, २० हजार र १० हजार रुपियाँ पुरस्कार पाए । विजेतालाई बागमती प्रदेश सभासद् रामकृष्ण चित्रकार, नेपाल ब्याडमिन्टन सङ्घका अध्यक्ष रामजीबहादुर श्रेष्ठ लगायतले पुरस्कार प्रदान गर्नुभयो ।

उता विश्वकप फुटबल चलिरहेको छ । पोर्चुगलका स्ट्राइकर क्रिस्टियानो रोनाल्डो पाँच विश्वकप फुटबल प्रतियोगितामा गोल गर्ने विश्वका पहिलो पुरुष खेलाडी बन्नुभएको छ ।

नयाँ सरकार गठनको खेल सुरु

सुस्केरा समाचारदाता

काठमाडौं, मंसिर - प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम आउँदै गर्दा सत्तारूढ गठबन्धनको भविष्य समेत अन्योलतर्फ अघि बढेको छ । यो अन्योलताका बीच फेरि नयाँ सरकार गठनका लागि खेल सुरु भइसकेको छ ।

नेपाली कांग्रेस प्रतिनिधिसभा तर्फ पहिलो नम्बरको रफ्तारमा अघि बढिरहँदा सत्ता गठबन्धन मै रहेका अन्य दल भने निर्वाचन परिणामबाट सन्तुष्ट छैनन् । यो असन्तुष्टिबीचमा नेकपा (एमाले)ले समेत अवसर खोजिरहेको छ । उता कांग्रेसभित्र पनि नयाँ सरकार गठनका लागि विभिन्न नेताहरूले आन्तरिक छलफल थालेको स्रोतले जानकारी दिएको छ ।

निर्वाचनको प्रत्यक्ष र समानुपातिक तर्फका सबै परिणाम आएपछि नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्नेछ । सो अवस्थामा कांग्रेस र एमाले बीच पनि सरकार गठनमा सहमति हुन सक्ने देखिन्छ भने कांग्रेस सहित हाल गठबन्धनमा रहेका दल वा एमाले सहित माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीको सरकार बन्ने अवस्था आउन सक्छ । त्यो अवस्थामा निर्वाचन मार्फत उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीसमेत निर्णायक हुने अवस्था आउन सक्छ । काठमाडौं उपत्यकामा आएको परिणामबाट गठबन्धन आबद्ध नेपाली कांग्रेसले चित्त बुझाउने अवस्था बन्दै गर्दा नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी भने निल भइसकेका छन् । काठमाडौंका १० निर्वाचन क्षेत्रमध्ये कांग्रेसले ५ क्षेत्रमा जित निकालेको छ भने ललितपुर मा एउटा निर्वाचन क्षेत्रमा प्रतिनिधि सभातर्फ जित हात पारेको छ ।

भक्तपुरमा १ क्षेत्रमा कांग्रेसले जित निकालेको छ । काठमाडौं २ मा माओवादी केन्द्रकी उम्मेदवार रहेकी ओनसरी घर्ती पराजित हुँदा काठमाडौं ७ मा माओवादी केन्द्रकै चिह्न लिएर उठेकी मानुषी यमी भट्टराई पराजित बन्न पुगिन् । यसैगरी, काठमाडौं ८ मा नेकपा एकीकृत समाजवादीका तर्फबाट गठबन्धनका उम्मेदवार जीवनराम श्रेष्ठ पराजित हुँदा काठमाडौं ९ मा माओवादी केन्द्रकी उम्मेदवार कल्पना धमला पराजित भएकी हुन् ।

यस्तै, ललितपुर ३ मा माओवादी केन्द्रका तर्फबाट उम्मेदवार बनेकी पम फा भुषाल पराजित बनेकी हुन् । यसैगरी, भक्तपुर निर्वाचन क्षेत्र नम्बर १ मा माओवादी केन्द्रका सुनिलबासु गोठे पराजित बन्न पुगेका हुन् । यी सबै परिणामपछिको अवस्थामा सत्ता गठबन्धनमा रहेका कांग्रेसबाहेकका दल असन्तुष्ट देखिएका छन् ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले त बिहीबार गृह जिल्ला रौतहटमा असन्तुष्टि खुलेरै पोखे । 'परिणामले हामीलाई शिक्षा दिएको छ, कमीकमजोरी भएको छ भने सुधारले अघि बढ्नेछौं, सबै परिणाम आओस्,' एकीकृत समाजवादीका अध्यक्ष नेपालले गृह जिल्ला रौतहटमा सञ्चारकर्मीहरूसँग भने । उनले अब बन्ने सरकार कसको बन्छ भन्ने विषयमा भने 'अनुमान गर्न सकिन्छ,' भन्ने अभिव्यक्ति दिए । देउवा-प्रचण्ड फोन नयाँ सरकार गठनका विषयमा फेरि रस्साकस्सी सुरु भएको छ ।

संस्कृति, कला, बाल संशार



प्रिन्स र रसिलाले राष्ट्रिय च्याम्पियन उपाधि प्राप्त गर्नु भएको छ । यस खेलमा नेपालले निकै कसरत गरिरहेको छ ।

अबको सरकार गठन कठिन हुने

सुस्केरा समाचारदाता

काठमाडौं, मङ्सिर - प्रतिनिधिसभा र प्रदेश सभाको मतपरिणाम सार्वजनिक भएसँगै आगामी सरकार निर्माण र संसद् अधिवेशनको चासो बढेको छ। निर्वाचन आयोगले मङ्सिर २२ गतेसम्ममा निर्वाचनको अन्तिम परिणाम बुझाउने यसअघि नै बताइसकेको छ । आयोगले तयारी गरेको समयसीमामा अन्तिम परिणाम प्राप्त भएमा संसद् अधिवेशन बोलाउने बाध्यात्मक संवैधानिक समयसीमा प्रारम्भ हुनेछ । निर्वाचन आयोगले राष्ट्रपतिसमक्ष अन्तिम परिणाम बुझाएपछि प्रक्रिया प्रारम्भ हुनेछ । नेपालको संविधानको धारा ९३ को व्यवस्थाअनुसार मतपरिणाम प्राप्त भएको ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान हुनेछ । आयोगले पूर्वप्रतिबद्धताअनुसार मङ्सिर २२ भित्र मतपरिणाम राष्ट्रपतिसमक्ष पेस गरेमा पुस २२ भित्र अधिवेशन आह्वान भइसक्नुपर्नेछ । अधिवेशन सुरु भएको १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन हुनेछ। अधिवेशन प्रारम्भसँगै सरकार गठन र विश्वासको मत लिने प्रक्रिया पनि अघि बढ्नेछ । निर्वाचनको अन्तिम परिणामसँगै सरकार गठनको प्रक्रिया पनि सुरु हुनेछ। संविधानको धारा ७६ को व्यवस्थाअनुसार प्रतिनिधिसभामा बहुमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुने व्यवस्था छ। निर्वाचन परिणाम प्राप्त भएपछि दलहरूले संसदीय दलका नेता चयन गर्नुपर्नेछ। एउटै दलको बहुमत प्राप्त नभएमा एकभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । दुवै प्रक्रियाबाट प्रधानमन्त्री चयन हुन नसकेमा प्रतिनिधि सभामा सबैभन्दा ठूलो दलको संसदीय दलका नेतालाई संविधानको धारा ७६ (३)बमो

सामान्य ज्ञान ०९

१. मानवशास्त्री डा. ओम गुरुङको निधन कहिले भएको हो ?

- वि.सं. २०७९ असोज ३१

त्रिभुवन विश्वविद्यालयको मानवशास्त्र तथा समाजशास्त्र विभागका पूर्वप्रमुख गुरुङले नेपाल आदिवासी जनजाति महासङ्घमा पूर्वमहासचिवका रूपमा रहेर पनि कार्य गरेका ।

२. वाङ्मय शताब्दी पुरुष एवं वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीको निधन कहिले भएको हो ?

- वि.सं. २०७९ असोज ३०

शताब्दीकै कला, साहित्य र संस्कृतिका अध्येता, अनुसन्धानकर्ता सत्यमोहन जोशीको १०३ वर्षको उमेरमा निधन भएको हो ।

वि.सं. १९७७ वैशाख ३० गते ललितपुरको बखुम्बहालमा पिता शङ्कर राज र माता राजकुमारी जोशीका ज्येष्ठ सुपुत्रका रूपमा उहाँको जन्म भएको थियो ।

१९ वर्षको उमेरमा १४ वर्षीया राधादेवीसँग बिहे गर्नुभएका जोशीका ९८ वर्षीया पत्नी राधादेवी शाक्यसहित तीन छोरा र तीन छोरी रहेका छन् । उहाँ मन्दिरका टुँडालको काष्ठकला, काठमाडौं उपत्यकाको बौद्ध र हिन्दु धर्मको अन्तरसम्बन्ध, नेवार सभ्यताको प्राचीनता र गहिराइ, पाटन दरबार क्षेत्रका समुदायको उत्पत्ति, कर्णाली भेगको लोकसंस्कृति, ऐतिहासिक व्यक्तित्व अरनिकोका अन्वेषणकर्ता एवं थुप्रै सूचना र ज्ञानका स्रोत हुनुहुन्थ्यो ।

कर्णालीलाई फर्केर हेर्दा



तिलक पौडेल
प्राथमिक विद्यालय, मह, मुगु ।

सम्झी लेख्छु म पत्र यो अब त्यहाँ,
कस्तो छ मेरो घर ।
आमा ती चिरकालतक सुखी रहुन्, र
क्षा गरुन् शङ्कर ॥
प्यारो बालक पुत्र हुँ घर छँदा, त्यै
सम्झना गर्दछु ।
आमा दुःख नमान्नु पत्र मितितक,
सञ्चै निकानन्द छु ॥१॥
कस्ती छन् गलिहारकी हृदयकी,
बिर्सिनसक्ने उनी ।
बैनी सुन्दरी नानीलाई भनिदेऊ, सञ्चै
छ दाजू भनी ॥
आज्कल् यो नयपाल उत्तर दिशा, जिल
ला मुगु बस्दछु ।
भोटेका सँग साथ छु नयनका, आँसु म
बर्साउँछु ॥२॥
मेरो त्यो घर खेतबारी हँसिलो, देखौ
कसोरी यहाँ ?
लेख्दा अक्षर आँसुमा डुबिदिने, लेखौं
कसोरी यहाँ ??
मेरा यी दुईटा दुःखी नयनका, नौलाख
आँसु यहाँ ।
कर्णालीसँग बग्दछन् दिनदिनै, आईपुगे
कि त्यहाँ !!३!!..... क्रमशः .....

मेरो मुगु र डोल्पा बसाइका बेला
..... प्रति अक्षर १५ रुपैयाँको दर थियो । पुरानै बोर्डमा पुनर्लेखन गर्दा पाइने उक्त दरलाई तिनताकाको राम्रो आयस्रोत मानिन्थ्यो । गणित, विज्ञा(नको शिक्षक भएकोले बिहान-बेलुका ट्युसन, दिउँसो लेखापालको सरकारी जागीर, फूर्सदको समयमा साइनबोर्ड पेन्टिङ्ग । वास्तवमा स्वपौरखमा र माउनै पर्ने परिवेशबाट वेष्ठित बनें ।
कविमनको बीजाङ्कुरण !
२०४१ साल कविशिरोमणि लेखनाथ पौड्यालयको शतवार्षिकी मनाउने वर्ष थियो । तिनताका मैले तरुण तपसी, ऋतु विचार पढी सकेर बुद्धिविनो द पढ्दै त्यसलाई कपीमा उतादै थिएँ । त्यसका मनपर्ने श्लोकहरू मस्तिष्कमै थन्क्याएको खोज्दा अचे ल पनि प्राप्त हुन्छ र यसबाट असीम आनन्द महसुस हुन्छ । ती कविताका प्रभावले कनिकुथी त्यो कविआत्माप्रति श्रद्धासुमन प्रकट गर्न मन लाग्यो र तपसील बमोजिमको कविता (?) ले ख्दो भएँ ।

श्रद्धाञ्जली

कविवर ! तिमीलाई -
करोडौँ आत्माहरू सम्झिरहेछ,
करोडौँ आँखाहरू तिम्रा कृतिउपर दौ डिरहेछ,
अनि, करोडौँ मुक्त कोकिल कण्ठहरूले,
तिम्रै खोला र झरनाका गीतहरू गाइरहेछ ।
तर, अफसोच !
तिमी हाम्रो माझमा अनुपस्थित छौ,
लाग्छ कतै स्वर्गको कुनाबाट चियाइरहे का होलाऊ,
के गर्छौं र कविवर !
साहित्यका गाथाले तख्ता ढाकिदिएर धनी बनाएऊ,
तरपनि,
यी अन्यान्य स्थितिमा दरिद्रताका साथी हामी,
तिमीमा केवल चिर स्मृति स्वरूप-
वर्ष-वर्षमा जयन्ती मनाएका छौं;
र त्यो तिम्रो ज्ञानेन्द्रिय,
कर्मेन्द्रिय,
स्पर्शेन्द्रिय वा
एकशब्दमा-
स्वचालित र अर्धचालित कार्यका सञ्चालनकर्तामा,
हार्दिक श्रद्धाञ्जली चढाइरहेका छौं ।
हार्दिक श्रद्धाञ्जली चढाइरहेका छौं ॥
सत्य र कली जस्ता -
अविदित र अदृश्य,
अचेतक र स्पर्शहीनको मध्यस्थ बनेर,
तिनीहरूका आफ्नै वाङ्मयका,
कुराकानी, विवाद, संवाद सुनेर-
स्वार्थी आत्मा भरी राख्न नसकी,
हाम्रो सामु राखिदिने-
तरुणतपसी र ऋतुविचार !
बुद्धिविनोदमा -
सत्य-असत्यको आध्यत्मकतादेखि,
विज्ञानप्रधान भौतिक व्याख्यानको गहिराइमा,
चपलक्क चोपलिई,
आफ्नो अनुभव हामीलाई देखाएर,
मुग्ध मोहनी लगाउने,
जुगानजुग बिर्सन र तिर्न नसकिने-
गुण र ऋणदाता कविवर !
तिमीलाई कोटी आत्मबाट -
टर्क्याइएकोछ श्रद्धाञ्जली !!
हे छन्द र लयका पुजारी !
छाँगा र छहराका सन्मित्र !
डाँडा र पाखाका कोइली !
जेल र पिंजडाका सुगा !
कल्पना र विवेकका सजीवात्मा !
सत्य र तथ्य गहिराइका आन्वेषक !
तिम्रो बारेमा कलम -
कागजमाथि दौडिरहँदा थाक्छ,
किनकी, ममा त्यो सबलता छैन,
स्मृतिपटमा टल्केका-
परावर्तित किरणहरू म सम्हाल्ने सक्तिन,
खाली तिनको राप स्वरूप-
ठण्डानुभवी बनेर ताप्छु मात्र !
त्यही तातोपनामा -
म लट्टिएकोछु र,
यस्तै सबै ठहर्याउँदा हुन् पनि ?
त्यै झल्काले, रातमा पनि म -
बाहिर निस्कन्छु,
कतै, कुनै कुनाबाट-
ताराकार बनेर चियाएका त छैनौ ?
हेर !
वास्तवमा हामी तिमीलाई,
बनावटी कृतज्ञता टर्क्याएका हैनौं,
कृत्रिम आभार व्यक्त गरेका छैनौं,
तिमीले धनी बनाएको भाषाका पुजारी-
तिम्रै पूजा गरिरहेछौं !
तिम्रै श्लोकहरू कण्ठ गरिरहेछौं !!
कहाँ ?
तिनै उकाली अनि ओरालीमा,
फाँट-बेंसी अनि देउरालीमा,
हो त नि !
ती चराचुरुङ्गीहरू पनि,
हाम्रै स्वरमा ताल बजाउँछन्,
एक पोख्त वादकको झङ्कार जस्तै !
अनि बलै, कनीकुथी म पनि-
लयहीन गद्य लेखेर,
त्यही आत्मशान्तिका लागि,
हार्दिक कृतज्ञता प्रकट गर्दछु !
हार्दिक आभार व्यक्त गर्दछु !!
हार्दिक श्रद्धाञ्जली टर्क्याउँछु !!!
हार्दिक श्रद्धाञ्जली टर्क्याउँछु !!!!
(लेखनाथ शतवार्षिकी मनाउँदा)
२०४१ माघ १ गते सोमबार
गमगढी, मुगु ।
एकदिन बिहान, तत्कालीन जनसम्पर्क अधिकृत बासुदेव भट्टजी आई डायरी पल्टाउँदा यो कविता देख्नु भएछ र मलाई पाठ गर्न लगाउनु भयो । पूर्णविराम पछि ए ! तिलकजी त कवि पनि हुनुहुँदोरहेछ ल ! कतिराम्रो कविता ?... भन्ने प्रतिक्रिया दिनुभयो । मन-मन मलाई पनि आनन्दानुभव भयो । सायद २०३५ सालतिर कतै बुद्धिदाइको सिको गरेर लेखेको बाहेक कविताको श्रीगणेश यही गद्यले गर ायो - मेरो जीवनमा !
प्रतिभाको दुर्गम पलायनको खाटी रूप - मोतिराम भट्ट !
एकजना दैलेखका नामै मोतिराम भट्ट भएका कविजीसँग भेट भयो । सायद शनिबारको दिन थियो । शिक्षा कार्यालयका लेखापाल नोदराज न्यौपाने (जुम्ला) र म वहाँको कोठामा बसेर चिया पिउँदै थियौं । वहाँको कोठा जिल्ला शिक्षा कार्यालयकै आवासमा थियो । मैलो पहिरनमा रुकस्याक बोकेका पातलो कद, गहुँगोरो अनुहारमा शिरपोश पहिरेका व्यक्ति हाम्रोसामु प्रकट भए । नाम मो तिराम, थर भट्ट भन्दा तन्नेरीकवि त हैनन् (अर्को रूपमा) जस्तो लाग्यो । भलाकुसारीसँगै कुराकानी अघि बढ्दा वहाँ अण्डरम्याट्रिक हुनुहुँदो रहेछ, दाजू परदेश, कान्छिआमा घर (दैलेख) मा, आफ्नो आमाको परलोक भैसकेको, जागीरको खोजीमा त्यहाँ पुग्नु भएको रहेछ ... न्यौपानेजीले प्रमाणपत्रको माग गर्दा फाइलै दिनुभयो । जसमा राष्ट्रिय, क्षेत्रीय, जिल्लास्तरीय कविता प्रतियोगिताहरूमा अधिकाँशत: प्रथम स्थान ओगटेको देखिन्थ्यो । वहाँको आमालाई लेखेको चिठी यस्तो थियो -
आमालाई पत्र
रचयिता : मोतिराम भट्ट

शे फोक्सुण्डो गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा रामोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि वन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

शे फोक्सुण्डो गाउँपालिकाको कार्यालय
साल्दाङ, डोल्पा

संसदीय व्यवस्था र प्रतिनिधिको नियत

- विष्णुप्रसाद खनाल

..... कथाकार इस्मालीले मूल्याङ्कन पत्रिका अंक ३५ मा लेखेको कथा ' आज शनिबार'मा लेखेजस्तो बेथिति अहिले पनि संसदीय अभ्यासमा देखापरेको छ ।

हुन त, शासन व्यवस्थामा राजतन्त्र, धर्मतन्त्र, अधिनायकवाद र लोकतन्त्र गरी विभिन्न प्रकारको शासन व्यवस्थाको इतिहास हामीसँग छ । लोकतन्त्रमा खासगरी प्रत्यक्ष लोकतन्त्र र अप्रत्यक्ष लोकतन्त्र गरी दुई प्रकारको लोकतन्त्र अभ्यासमा रहेको पाइन्छ । प्रत्यक्ष लोकतन्त्रको व्यवस्था स्विट्जरल्यान्डमा अभ्यासमा रहेको छ भने नेपाललगायत अन्य देशमा अप्रत्यक्ष लोकतन्त्रको अभ्यास भइरहेको अवस्था छ । संसदीय व्यवस्थामा खासगरी सामूहिक उत्तरदायित्व, अन्योन्याश्रित सम्बन्ध, वास्तविक कार्यपालिका, उत्तरदायित्वको सिद्धान्त, स्थिरताको सिद्धान्त, उत्तरदायी सरकार, वैकल्पिक सरकारको व्यवस्था, बहुमत प्राप्त दलको शासन तथा राजनीतिक एकरूपता जस्ता महत्वपूर्ण विषय संसदीय व्यवस्थाअन्तर्गत रहने भए तापनि अस्थिर सरकार, नीतिहरूको निश्चितताको अभाव, मन्त्रिमण्डलको निरंकुशता, असक्षम व्यक्तिद्वारा सरकारको सञ्चालनजस्ता कारणले गर्दा संसदीय व्यवस्थामा पछिल्लो समय भ्रष्टाचार, बेथिति, उद्दण्डता र मनोमानी शैली उदाउँदै गएको छ ।

जनताले निर्वाचनमार्फत पठाएका प्रतिनिधि जनताप्रति उत्तरदायी नहुने, आफू अनुकूल संविधान र कानुनको व्याख्या गर्ने, दायित्व वहन नगर्ने, वास्तविक र धरातलीय यथार्थतामा भन्दा अव्यावहारिक, अपारदर्शी यो जना तथा नीति तर्जुमा गर्नेजस्ता विषयले समेत प्राथमिकता पाउँदै गएको देखिन्छ । संसदीय व्यवस्था आफैंमा नराम्रो होइन तर त्यसलाई प्रतिनिधित्व गर्ने, सञ्चालन गर्ने राजनीतिक दल तथा सरकारमा रहेका व्यक्तिको नियत सफा नभएमा जनतालाई दुःख मात्र पाउने होइन कि, देश नै पछाडि धकेलिन्छ । छोटो समयमै संसदीय व्यवस्थाबाट विकासको चरमोत्कर्ष बिन्दुमा पुग्ने देश धेरै छन् । अमेरिका, जापान, सिंगापुर, मलेसिया, भारत, चीन, कतार, जर्मनी, अस्ट्रेलिया, दक्षिण कोरिया आदिजस्ता देश संसदीय व्यवस्थाबाटै तीव्र गतिमा देशको विकासमा लागेका छन् । यस्ता घटनाक्रमले के स्पष्ट गर्छ भने यदि प्रतिनिधिको नियत सफा हुने हो र देशमा प्रभावकारी कार्यसञ्चालन गर्दै कानुनको शासन लागू भएमा देशले समयमै कोल्टो फेर्नसक्छ । त्यसबाट देश र जनताको भलाइ हुने र संसदीय व्यवस्था सबल बन्दै जाने कुरामा कुनै दुईमत छैन ।

संसारका सबैजसो देशमा संसदीय व्यवस्थाको मर्म प्रतिनिधिमूलक व्यवस्था र आवधिक निर्वाचन हो । निर्वाचनमार्फत हुने प्रतिनिधित्वले सबै क्षेत्र र वर्गको स्वामित्व, अपनत्व र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्छ । निर्वाचनले नयाँपन र ताजा जनादेश पनि प्रदान गर्छ तर यसले जनताका परिवर्तनशील आकांक्षा पनि समेट सक्नुपर्छ । २०४८ सालपछिको नेपालको अवस्थालाई हेर्ने हो भने संसदीय र असंसदीय खेलमा रमाउने पात्र उस्तै उस्तै, एकैखाले प्रवृत्ति, व्यक्तिगत र दलगत नियतको कारणले संसदीय व्यवस्था धमिलो हुँदै गएकाले यस्ता प्रवृत्तिलाई समयमै सुधार गर्न जरुरी छ ।

संसदीय व्यवस्थामा प्रजातन्त्रको अभ्यास गर्दा संसद्मा जल्दाबल्दा राष्ट्रिय समस्यामा सांसदहरूले सरकारको ध्यानाकर्षण गराउँछन् । तीमध्ये समस्या समाधानका लागि दबाब पनि दिन्छन्, सार्वजनिक महत्वका प्रस्ताव पनि आउने गर्छन् । गम्भीरताका साथ छलफल पनि हुने गर्छ तर दर्ता भएका प्रस्तावलाई प्राथमिकता नदिने, प्रक्रिया अगाडि नबढाउने प्रवृत्ति एक बिडम्बनाको विषय हो । त्यसै गरी, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले एकअर्काको अधिकार माथि हस्तक्षेप गर्नेजस्ता कार्यले समेत प्राथमिकता पाउने तर विकास निर्माणका कार्य, देशको अखण्डताको विषय, नीति तथा कार्यक्रमलाई तर्जुमा एवं प्रभावकारी कार्यान्वयन गर्ने विषय र दण्डहीनताको अन्त्य गर्ने विषय र जवाफदेहिता र पारदर्शिताले स्थान नपाएर भ्रष्टाचार तथा आर्थिक अनियमिता, अख्तियार को दुरुपयोग गर्नेजस्ता विषयले प्राथमिकता पाउँदा एकातिर देशमा सुशासन कायम हुन सकेको छैन भने अर्कोतिर जनताका माग सम्बोधन हुन नसकेका कारण देशको आर्थिक तथा भौतिक विकास हुन सकेको छैन । यस्तो अवस्थामा खासगरी प्रतिनिधिहरू र प्रतिनिधिमूलक संस्था जिम्मेवार हुन आवश्यक छ । संसदीय प्रणाली कुनै व्यक्तिको बुद्धिको उपज होइन र यो अभ्यासद्वारा अस्तित्वमा आएको प्रजातान्त्रिक प्रक्रिया हो र प्रजातन्त्रको अंग पनि हो तर संसदीय व्यवस्थाको नाममा अर्थहीन परम्पराको विविध पक्षीय नक्कल गर्नु कुनै तवरले पनि उपयुक्त होइन र हुनुहुँदैन । संसदीय व्यवस्थाको जननी बेलायतमा लिखित संविधान नै नभए पनि पारदर्शी प्रजातन्त्र कायम रहनुले प्रतिनिधिहरूको नियत सफा भएमा संसदीय व्यवस्था प्रभावकारी हुन्छ भन्ने कुरा स्पष्ट छ ।(राजधानीबाट)

ठुलीभेरी नगरपालिकाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौ ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

ठुलीभेरी नगरपालिकाको कार्यालय

जुफाल, डोल्पा

स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

छोराछोरी सबै बराबरी
छोरा होस् वा छोरी दुबै स्कुल पठाऔं
सभ्य आमा बाबुको परिचय दिऊ

डोल्पाको आर्थिक समृद्धि र विकास
पर्यटन क्षेत्रको संवर्धन र पूर्वाधार विकास

वित्तीय सुशासनका समस्या

- कृष्णमणि पराजुली

जनतालाई सेवा प्रवाह र विकास निर्माणकार्य सञ्चालन गर्न सरकारी रकमको भूमिका महत्वपूर्ण हुन्छ। जनताको आवश्यकता धेरै हुने र सरकारी ढुकुटीको सीमित(ताका कारण साधनस्रोतको अधिकतम बुद्धिमत्तापूर्वक व्यवस्थापन गरिनुपर्छ। विकासोन्मुख देशमा यी दुईबीच सामञ्जस्यताको समस्या आई नै रहने हुँदा पूर्वनिर्धारित उद्देश्य परिपूर्ति हुन सकेको पाइँदैन। के कस्ता निर्माणकार्य तर्जुमा गर्ने, कसका लागि तर्जुमा गर्ने, कसरी कार्यान्वयन गर्नेजस्ता विषय यकिन नगरी योजना तर्जुमा तथा कार्यान्वयन गरिने प्रणालीको विकासले गर्दा सञ्चालित योजना प्रभावकारी हुन सकेका छैनन् । आयोजना कार्यान्वयनको मुख्य आधारभूत पूर्वाधार भनेको वित्तीय स्रोतसाधनको व्यवस्थापन हो। वित्तीय साधनको अभावमा आयोजना सञ्चालन गर्न सकिँदैन । जनताको आवश्यकता पहिचान गर्न सकिएला। पूर्वाधारका रूपमा यकिन गर्नुपर्ने सम्भाव्यता अध्ययन, जनशक्ति, निर्माण सामग्री, जग्गा अधिग्रहण, ऐन कानुन आदि विषयमा पनि सरकारलाई त्यति कठिन हुँदैन। यसको अतिरिक्त स्रोत व्यवस्थापन गर्ने विषयमा भने विभिन्न अवरोध आई नै रहेका हुन्छन्। अरू कुरा हुँदाहुँदै पनि वित्तीय साधनस्रोतको उपलब्धता हुन सकेन भने योजना व्यवस्थापनको कुनै अर्थ हुँदैन। अरू सबैलाई चलायमान बनाउने कार्य वित्तीय साधनले नै गरेको हुन्छ । नेपालजस्ता गरिब मुलुकमा जहिले पनि साधनस्रोतको अभाव भई नै रहेको हुन्छ। आवश्यकता र साधनबीच तालमेल मिलाउन नसक्दा निर्धारित समयमा आयोजना सम्पन्न हुन सकेका हुँदैनन्। आयोजना व्यवस्थापनमा विभिन्न कारक तत्व जिम्मेवार भए पनि मुख्य भनेको वित्तीय साधनस्रोत नै हो। विज्ञान र प्रविधिको विकासले गर्दा विश्व निकै सानो हुँदै गएको अवस्था छ। एक देशले अर्कोलाई सहयोग गर्नैपर्छ। किनकि कुनै पनि देश आत्मनिर्भर बन्न सकेका हुँदैनन्। अरूको सहयोगको अपेक्षा गरेकै हुन्छन्, भलै त्यो आर्थिक पक्ष नभई अरू पक्ष किन नहुन् । अहिले हुनेले नहुनेलाई सहयोग गर्दै पनि आएका छन्। यसमा विभिन्न मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय सङ्गसंस्थाले वित्तीय साधन उपलब्ध गराएर, आफैंले आयोजना कार्यान्वयन गरेर, निर्माण सामग्री, प्राविधिक सीप तथा परामर्श सेवाजस्ता कुरा उपलब्ध गराएर सहयोग गरेको अवस्था छ। नेपालको सन्दर्भमा कुरा गर्दा शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ, विद्युत्जस्ता क्षेत्रमा ठूलो धनराशि प्राप्त भएको छ। यद्यपि रकमको अभावमा कतिपय योजना कार्यान्वयन हुन नसकेको अवस्था छ। आयोजना कार्यान्वयनका लागि अन्य अवयवभन्दा पनि वित्त(ीय साधनस्रोतको ठूलो भूमिका रहेको हुन्छ नै । राजस्वको व्यवस्थापन कमजोर देखिन्छ । आन्तरिक स्रोत प्रभावकारी हुन नसकेका कारणबाट बाह्य स्रोतमा नै भर पर्नु परेको छ। देशमा उद्योगधन्दा तथा व्यवसायले गति लिन नसकी धराशायी हुन पुगेका कारणले गर्दा राजस्वमा गिरावट भइरहेको छ । यस कारणले गर्दा सरकारी ढुकुटीमा आन्तरिक स्रोतको कमी भएको छ। आन्तरिक स्रोतमा कमी भएको अवस्थामा बाह्य स्रोतमा निर्भर हुनुपर्ने कुरा देशको अहिलेको अवस्थाले देखाएको छ। यो कुरा आर्थिक वर्ष २०७९/८० को बजेटलाई अध्ययन गर्दा पनि अवगत हुन आउँछ। आर्थिक वर्ष २०७९/८० का लागि कुल बजेट १७ खर्ब ९३ अर्ब ८३ करोड रुपियाँ विनियोजन भएको छ। यो खर्च पूर्ति गर्ने स्रोतमध्ये १२ खर्ब ४० अर्ब ११ करोड राजस्वबाट व्यवस्थापन गर्ने अनुमान छ। अहिलेको जटिल आर्थिक अवस्थामा यो अनुमान निकै महत्वाकाङ्क्षी देखिन्छ। किनकि कोभिडले थला पारेको अर्थतन्त्रलाई रुस-युक्रेनको युद्धले झनै जोखिम निम्त्याएको छ। इन्धनमा भएको उच्च मूल्यवृद्धिले वस्तु तथा सेवामा मूल्यवृद्धि आकाशिँदै गएको छ ।

आयातमा आश्रित भएको कारणले गर्दा देशको अर्थतन्त्र प्रतिकूल हुन गएको छ। अर्थतन्त्रका सबै सूचक सकारात्मक छैनन्। देशभित्र सञ्चालित उद्योगधन्दा तथा व्यवसाय राम्रोसँग सञ्चालन हुन सकिरहेका छैनन्। तरलताको अभाव तथा मूल्यवृद्धिको कारणले गर्दा पूर्ण क्षमतामा सञ्चालन भएका देखिँदैनन्। यस अवस्थामा सरकारले प्राप्त गर्ने राजस्वमा कमी आउनु स्वाभाविकै हुन आउँछ। त्यसैले राजस्वको अनुमान अस्वाभाविक देखिन्छ । बजेटकै संरचना हेर्दा खर्च बेहोर्ने अर्को आन्तरिक स्रोत भनेको आन्तरिक ऋण हो ।

चालू आर्थिक वर्षमा आन्तरिक ऋणबाट दुई खर्ब ५६ अर्बको अनुमान गरिएको छ। अहिलेको जटिल आर्थिक अवस्थामा अर्थतन्त्र चलायमान हुन सकेको छैन। अचाक्ली मूल्यवृद्धिको चपेटामा जनता पिल्सिरहेको अवस्था छ । बैङ्क तथा वित्तीय संस्थामा समेत तरलताको अभाव भइरहेकाले जनताको हातमा पैसा नहुनु स्वाभ(ाविकै हो। अलि अलि भएको पैसा पनि उपभोगमा नै खर्च भएको छ। यसरी न बैङ्क तथा वित्तीय संस्थामा आवश्यक निक्षेप जम्मा भएको छ न त जनताको हातमा नै पैसा छ । त्यसकारण अनुमानित आन्तरिक ऋण दुई खर्ब ५६ अर्ब उठ्छ भन्न सकिने अवस्था देखिँदैन । विश्व अर्थतन्त्र नै खुम्चिएको अवस्थामा विभिन्न दातृ मुलुकबाट ५५ अर्ब ४६ करोड रुपियाँको वैदेशिक अनुदान प्राप्त हुने कुरा पनि प्रायः असम्भव नै छ। अहिले हामीले प्राप्त गर्ने भनेको ऋण नै हो। अहिलेको विश्व अर्थतन्त्रको अवस्था हेर्दा दुई खर्ब ४२ अर्ब २६ करोडको ऋण प्राप्त हुन्छ भन्ने आधार पनि बलियो देखिँदैन । ..... (साभार: गोपबाट)

जिल्ला समन्वय समितिको कार्यालय

दुनै, डोल्पा

कर्णाली प्रदेश, नेपाल

ईन्जिनियर करारमा पदपुर्तिः गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७९/०८/०६)

प्रस्तुत विषयमा जिल्ला समन्वय समितिको कार्यालय डोल्पाको रिक्त ईन्जिनियर पदमा करारमा पदपुर्ति गर्ने प्रयोजनार्थ करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट १५ दिनभित्र माग बमोजिमका विवरण तथा कागजातहरु र राजश्व तिरेका रसिद सहित निवेदन पेश गर्नका लागि दरखास्त आव्हान गरिन्छ।

क.सं.	विज्ञापन नं.	पद	तह	संख्या
१.	०१/०७९/०८०	ईन्जिनियर	रा.प.तृतीय वा सो सरह	१ (एक)

१. आवश्यक न्यूनतम योग्यताः-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङविषयमा बि.ई. वा सो सरह उत्तीर्ण गरेको ।

(ख)नेपाली नागरिक।

(ग) करार सेवाको लागि कुनै पनि कानुनले अयोग्य नठहरिएको ।

(घ)उम्मेदवारको उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

२.दरखास्त दिने स्थानः-जिल्ला समन्वय समितिको कार्यालय, दुनै, डोल्पा ।

३. दरखास्त दिने अन्तिम मितिः- २०७९ मंसिर २० गते(कार्यालय समय भित्र) । उक्त दिन सार्वजनिक बिदा परेमा उक्त* दिनको लगतै कार्यालय खुलेको दिन ।

४. आवेदनको दस्तुरः- रु.१०००।(अक्षरेपी रु एक हजार मात्र)

५. छनौटको किसिमः- लिखित तथा प्रयोगात्मक परीक्षा, र अन्तरवार्ता

६.आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातकाप्रतिलिपिहरु

- नेपाली नागरिकता
- न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- २ प्रति पासपोर्ट साईजको फोटो
- अनुभव सम्बन्धी कागजातहरु

७. सेवा सुविधाः- रा.प.तृतीय श्रेणी वा सो सरह

८. लिखित परीक्षा संचालन हुने मितिः- २०७९।०८।२१

९. प्रयोगात्मक परिक्षा तथा अन्तरवार्ता हुने मितिः- लिखित परिक्षाको नतिजा प्रकाशन पश्चात ।

नोटः-दरखास्त आवेदन फाराम र अन्य जानकारी जिल्ला समन्वय समितिको वेव साईट www.dccdolpa.gov.np मा र जिल्ला समन्वय समितिको कर्मचारी प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

केशव दत्त शर्मा

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय अधिकारी

निर्वाचन पछिको अपेक्षा

- डा.अतीन्द्र दाहाल(गोपबाट)

मङ्सिर ४ लाई तोकिएको सङ्घीय तथा प्रदेश सभाको निर्वाचन केही छिटफुट घटनाबाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भयो। निर्वाचन आयोग तथा सर कार धन्यवादका पात्र बनेका छन्। तुलनात्मक रूपले कम मात्र मतदान भएको अवस्थाचाहिँ राजनीतिक दल तथा नेतृत्वका लागि गहन चिन्तन मन्थनको विषय हो। व्यवस्था, राज(नीतिक दल अथवा नेतृत्वमध्ये कुन पक्षप्रतिको वितृष्णा हो र यसलाई कसरी निराकरण गर्ने भन्नेमा सायद दलहरूले गम्भीर विमर्श गर्लान्। अब यथासम्भव सुधारको अभ्यास सुरु हो ला। आउने निर्वाचनमा अत्यधिक मत(दान हुने वातावरण बन्ला ।

यद्यपि सम्पन्न निर्वाचनको मतगण(नाका सुरुवाती परिणामले निकै फरक प्रकारको संसद् निर्माण हुने सम्भावना देखिँदैछ। थुप्रै चर्चित व्यक्तित्व पर ाजित उत्तिकै सङ्ख्यामा नयाँ अनुहार को उपस्थितिको माहोल निर्माण हुन सक्छ। निर्वाचन एउटा प्राविधिक पक्ष हो। यसको नतिजासँग आमन(ागरिकको आशाचाहिँ यस्तो हुन्छ कि निर्वाचनमा जसले जिते वा हारे पनि देशले भने कहिल्यै नहारोस् ।

त्यसैले, अबको एउटै दायित्व समृद्ध र ाष्ट्रनिर्माणमा सुरुवात हुनुपर्छ। गणत(न्त्र सबैभन्दा सुन्दर तथा युगान्तकारी शासन व्यवस्थाको मानकको रूपमा स्थापित बन्नुपर्छ। नागरिकका जीवन चर्यामा तात्विक र सकारात्मक वृद्धि ल्याउनुपर्छ। नागरिकहरू देशको र आफ्नो भविष्यप्रति नकारात्मक कम र सकारात्मक बढी हुनसक्ने वातावरण बन्नुपर्छ। सफल राष्ट्रनिर्माण नै आमनागरिकले निरन्तर प्रतीक्षा गरेको विकासको सभ्य र भव्य स्वरूप हो। यसको आधार बने मात्र देशले जित्ने विश्वास बढ्छ ।

सामान्य हिसाबमा केवल आर्थिक प्रगति र बढोत्तरीलाई मात्र विकास बुझिन्छ। यद्यपि आर्थिक विकासले मात्र सफल राष्ट्रनिर्माण हुँदैन। र ाष्ट्रनिर्माणमा निरन्तर कलम चला(उने लेखक जे डोविन्सका अनुसार सुशासनको सफल व्यवस्थापन, आत(मनिर्भर आर्थिक विकास, शान्ति र अमनचयनको वृद्धि अनि सांस्कृतिक तथा सामाजिक एकता विकासका मुख्य सूचकाङ्कहरू हुन्, हामीले विश्व अभ्यासमा आएका सबै राजनीतिक व्यवस्थाको परीक्षण गरिसक्यौं। अब पनि सफल राष्ट्रनिर्माणमा अपेक्षित उपलब्धि हासिल गर्न सकेनौं भने चुनाव जोसुकैले जिते पनि देशले चाहिँ हार्नेछ। लेखकहरू फ्रान्सिस् फुकुयामा, स्यामुएल पी हन्टिङ्टनलगायतका अनुसार सफल राष्ट्रनिर्माणका दुई चरण हुन्छन् : एउटा सामान्य/ नियमित कार्यसम्पादन र दोस्रो अपे क्षित कार्यसम्पादन। विगत लामो समय हामीचाहिँ केवल नियमित कार्यमा मात्र अल्मलियौं ।

सामान्य/ नियमित कार्य

देशको प्रशासन चलेको आभाष गर ाउनु, कार्यकारी संस्थाको रूपमा हुनुपर्ने औपचारिक कार्यहरू सञ्चालन गर्नु नियमित कार्यका चरण हुन्। चुनाव हुनु, सरकार गठन/विघटन हुनु अनि राजनीतिक सघनता देखिने धर्ना, जुलुस, आन्दोलन, नाराबाजी तथा भाषणहरू हुनु यसका पक्ष हुन् । हामीमा यस्ता सामान्य कार्यको सघनता उच्च भयो। २००७, १७, ३६, ४६, ६३ गरेर पाँच पटक राज(नीतिक परिवर्तन र सात पटक नयाँ संविधान लेखिए। औसतमा वर्षको एक सरकार परिवर्तन भयो। राजनीतिक दलको निर्माण र विनिर्माण उच्च र ह्यो। निर्वाचन आयोगमा झन्डै २०० दल दर्ता छन्, लगभग ६५ दलले निर्वाचनमा भाग लिए। सातवटा भन(दामार्थि दलले त संसद्मा प्रतिनिधित्व नै गर्ने देखिँदैछ। राजनीतिक भेला, सभा/सम्मेलन, प्रशिक्षणलगायतका कार्यक्रमको बाक्लो निरन्तरता छ। यसरी हेर्दा हाम्रो राष्ट्रनिर्माणको अभ्यास सामान्य कार्यसम्पादन चरणमा निकै अग्र स्थानमा छ ।

यद्यपि सामान्य कार्यले मात्र नागरि कलाई अपेक्षित परिणाम दिँदैन। सक्रिय राजनीति गर्ने चाहना नभएका नागरिकलाई सामान्य कार्यमार्थि कुनै चासो र लगाव हुँदैन। 'द ग्रेट डिभ(इड' नामक पुस्तकका लेखक जोसेफ स्टिग्लिज खाली सामान्य कार्य मात्र गर्ने प्रजातन्त्रलाई एक प्रतिशत नागरि कका लागि, एक प्रतिशतको नागरि कको मनोखुसीमा एक प्रतिशतले सञ्चालन गरेको सरकार भनेर कटाक्षे प गर्छन्। किनकी बाँकी ९९ प्रतिशत नागरिकलाई खास खोजी हुनेचाहिँ अपेक्षित कार्यको हो। हाम्रो राजनीतिले अपेक्षित कार्यसम्पादन गर्न नसेकेकै कारण राजनीतिक परिवर्तनले खासै आकर्षण र सकारात्मक प्रभाव दिन सकेन। नेताले चुनाव जिते पनि दे शले चाहिँ हारेको महसुस भयो। त्यसै ले अबको ध्यान अपेक्षित कार्यमाथि हुनुपर्छ ।

अपेक्षित कार्य र सम्भावना

देशमा हुने आर्थिक विकास, रोजगारी सिर्जनालगायत शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, सञ्चारजस्ता भौ तिक पूर्वाधारको सहज र सबल सुनिश्चितताजस्ता कुराचाहिँ आमन(ागरिकका अपेक्षा हुन्। अब निर्वाचित हुनेहरूले सबैभन्दा बढी ध्यान यसै मा दिनुपर्छ। सांस्कृतिक र सामाजिक समन्वयलाई अझ मजबुत गर्नु अनि सम्पूर्ण जाति र प्रजातिको समतामूलक समानतामा जोड दिनु राष्ट्रनिर्माणको अर्को पक्ष हो। यस्ता कार्यलाई अपेक्षित कार्य (एक्सपेक्टेड फङ्सन) भनिन्छ। पछिल्लो पटक तीव्र समृद्धि कमाएका देशहरू विशेष गरी एसिया महादे शका देशमा यो प्रवृत्ति उल्लेख्य छ। नागरिकको आशा र अपेक्षाअनुसारको कामसम्पादन हुन सक्दा मात्र देशले विकासको पथ लिनेछ। राष्ट्रको विजय सम्भव हुनेछ। आउने नेतृत्वले साँच्चै देशलाई नहराउने अठोट गर्ने हो भने हामीसँग सम्भावना प्रशस्त छन् ।

हाम्रा दुवै छिमेकीले पछिल्लो दुई दशक उच्च आयतन र गतिको आर्थिक वृद्धि गरे। दक्षिण कोरिया, जापान, भियत(नाम, मलेसिया, ताइवान, हङकङ, थाइल्यान्डजस्ता देशको आर्थिक विकासले बाघको हिँडाइजस्तो उच्च

हार्दिक बधाई तथा शुभकामना



यही मंसिर महिनाको ४ गते निर्वाचन तथा मतदान भै मतगण(ना सम्पन्न बाट सबैभन्दा वढि मत ल्याउने निर्वाचित हुने निर्वाचन प्रणाली तथा प्रत्यक्ष निर्वाचन प्रणाली मार्फत डोल्पाबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेकपा(एकिकृत समाजवादी)का धनबहादुर बुढा, प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं. १ मा निर्वाचित नेकपा(एमाले)का शेरबहादुर बुढा र प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं. २ मा निर्वाचित नेकपा(माओवादी केन्द्र)का वीर बहादुर शाही सहित ३ नै जनालाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

विष्णुलाल बुढा
प्रकाशक/सम्पादक एवम्
हिमाली सुस्केरा साप्ताहिक परिवार, डोल्पा

छार्का ताङसोङ गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

कोरोनाबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

छार्का ताङसोङ गाउँपालिकाको कार्यालय

कागकोट, डोल्पा